## १ परिचय

राष्ट्रको शान्ति सुव्यवस्था कायम राख्ने, अपराध नियन्त्रण र अनुसन्धान गर्ने कार्यमा मुख्य दायित्व निर्वाह गर्न नेपाल प्रहरी संगठनमा विभिन्न तहमा आवश्यक जनशक्ति परिपूर्ति गर्ने सन्दर्भमा प्र.स.नि. पदमा खुल्ला प्रतियोगिता द्धारा समेत पदपूर्ति गर्न प्रहरी नियमावली २०४९ मा व्यवस्था गरिएको छ । नेपाल प्रहरी सेवामा नव-प्रवेशीहरुलाई संगठनको अपेक्षा अनुरुप सिपयुक्त, सक्षम र दक्ष जनशक्तिको रुपमा तयार गर्न आधारभूत तालिमको व्यवस्था गरिएको हुन्छ । यसै क्रममा खुल्ला प्रतियोगिताद्धारा नेपाल प्रहरी सेवामा रिक्त रहेका प्र.स.नि.हरुलाई लक्षित गरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंजको तत्वावधानमा प्र.स.नि. आधारभूत तालिम १५७ औं समूहको रुपमा यस पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्रमा संचालन हुन गईरहेको छ ।

## २ तालिमको लक्ष्य :

नवनियुक्त प्रहरी सहायक निरीक्षकहरुलाई आ- आफ्नो कार्यक्षेत्रमा वहन गर्नु पर्ने दायित्वय निर्वाह गन सक्षम तुल्याउनु यस प्रशिक्षणको मुख्य लक्ष्य रहेको छ ।

## ३ तालीमको उद्देश्य

○ प्रशिक्षार्थीले संगठनको सक्रिय सदस्य अनुरुपको आचरण एवं अनुशासन निर्वाह गर्न सक्नेछन् ।

○ प्रहरी अधिकृतले निर्वाह गर्नुपर्ने उत्तरदायित्वहरुको लागि आवश्यक कानून, प्रशासन एवं व्यवस्थापन, प्रहरी कार्य र कारवाही, अपराध रोकथाम र अनुसन्धान र प्रहरीसंग सम्बन्धित अन्य विविधक्षेत्रहरुको सैद्धान्तिक ज्ञान हासिल गर्नेछन् ।

○ अपराध रोकथामको लागि गरिने कार्य, अपराध अनुसन्धान कार्य एवं अन्य सम्बन्धित कार्यहरु वैज्ञानिक तवरले सम्पन्न गर्न व्यवहारिक शीप हासिल गर्नेछन् ।

○ शारीरिक व्यायाम, कवाज, खेलकूद, आत्मबल अभिबृद्धि अभ्यस जस्ता प्रशिक्षणको माध्यमबाट कठोर शारीरक परिश्रम गर्न एवं जस्तोसुकै परिस्थितीमा पनि संयमित र सहनसिल भई कार्य सम्पादन गर्न सक्षम हुनेछन् ।

○ प्रशिक्षण अवधिमा व्यवहारिक अध्ययन कार्यक्रम साथै विविध क्षेत्रमा विशेषज्ञता प्राप्त विशिष्ट व्यक्तिहरुसंगको अन्तरक्रियाको माध्यमबाट मूलुकको विविध भौगोलिक क्षेत्र एवं सामाजिक संरचनामा पनि परिस्थिति अनुसार कार्य सम्पादन गर्न सक्षम हुनुको साथै व्यवस्थापकिय सिप हासिल गर्न सक्ने छन् ।

○ जटिल एवं चुनौतिपूर्ण परिस्थितीमा शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा हतियार समेत चलाउनु पर्ने वान्छनिय हुन आउँछ अतः प्रहरीमा प्राप्त विद्यामान र आधुनिक हतियारहरुको सैद्धान्तिक एवं व्यवहारिक ज्ञान, शिपमा निपूर्णता हासिल गर्नेछन् ।

○ प्रहरी मुलमन्त्र सत्य सेवा सुरक्षणम् अनुरुपको धारणा ग्रहण गर्नेछन् ।

## ४ प्रशिक्षण बिधि

१ लेक्चर २ छलफल ३ रोलप्ले,
४ सिन्डिकेट ५ डेमोन्सट्रेशन ६ श्रव्यदृष्य
७ व्यवहारिक अध्ययन, ८ शैक्षिक भ्रमण

## ५. प्रशिक्षण अवधि

यस तालीमको कूल प्रशिक्षण अवधी २७० कार्य दिनको हुनेछ, । व्यवहारिक अध्ययन कार्यक्रमको समयावधि २४ कार्यदिनको हुन आउने २२८ कक्षा घटाइ बांकी २४६ कार्यदिन समयावधिमा आन्तरिक तर्फ ७६८ (३२.७९%) कक्षा र बाह्य तर्फ १५७५ ( ६७.२१%) कक्षा गरी जम्मा २३४३ कक्षामा यो प्रशिक्षण कार्यक्रम सम्पन्न गरिने छ ।

### ५.१.आन्तरिक र बाह्य तर्फको चरणगत समय विभाजन

कूल छ चरणमा सम्पन्न हुने यस तालिममा आन्तरिक तर्फ क्रमशः प्रहरी संगठन र सम्विधान तथा ऐन नियम, प्रहरी कार्य तथा शान्ति सुव्यवस्था, अपराध अनुसन्धान, प्रहरी युक्ति तथा कारवाही, व्यवहारिक अध्ययन कार्यक्रम र प्रहरी व्यवस्थापन सम्वन्धी विषयहरु समावेश छन भने बाह्य तर्फ शारीरिक तन्दुरुस्ती, कवाज हतियार मस्केट्री तथा चांदमारी, खेलकूद तथा आत्मरक्षा अभ्यास, प्रहरी युक्ति तथा आत्मबल अभिबृद्धि अभ्यास समावेश गरिएका छन । उल्लेखित विषय वस्तुहरुलाई समेटेर निम्नानुसार चरण विभाजन गरिएको छ ।

| चरण | दिन | आन्तरिक | बाह्य |
|---|---|---|---|
| प्रथम | ७० | प्रहरी संगठन, संविधान तथा ऐन नियम | शा.व्या./प्राथमिक, टोली, लाठी, सशस्त्र कवाज / खेलकूद |
| दोश्रो | ३६ | प्रहरी कार्य तथा शान्ति सुव्यवस्था | भिड नियन्त्रण, मस्केट्री तथा चांदमारी ( राईफल, पिस्तोल) |
| तेश्रो | ५४ | अपराध अनुसन्धान | संगिन, खुकुरी कवाज, चांदमारी तथा नाईट फायरिङ |
| चौथो | २८ | प्रहरी युक्ति तथा कारवाही | एस एल आर हैण्डलिङ, प्रहरी युक्ति तथा कारवाही |
| पांचौं | २४ | व्यवहारिक अध्ययन | व्यवहारिक अध्ययन कार्यक्रम |
| छैटौं | ५८ | व्यवस्थापन | पौडी, ड्राईभिङ, गारद, सलामी तथा दिक्षान्त कवाज |
| **जम्मा** | २७० | **३२.७९ %** | **६७.२१%** |

## ६ अंक विभाजन एवम् मुल्यांकन

### ६.१. आन्तरिक प्रशिक्षण तर्फ

| | | |
|---|---|---|
| १ | प्रहरी संगठन र सम्विधान तथा ऐन नियम, | १०० |
| २ | प्रहरी कार्य तथा शान्ति सुव्यवस्था, | १०० |
| ३ | अपराध अनुसन्धान, | १०० |
| ४ | व्यवहारिक अध्ययन कार्यक्रम | ५० |
| ५ | व्यवस्थापन | १०० |
| ६. | अनुशासन पक्ष | ५० |
| | जम्मा | ५०० |

### ६.२. बाह्य प्रशिक्षण तर्फ

| | | |
|---|---|---|
| १ | शारीरिक तन्दुरुस्ती, इण्डोरेन्स बाधापार | १०० |
| २ | कवाज विविध | १०० |
| ३ | हतियार मस्केट्री तथा चांदमारी, (सानो तथा ठुलो हतियारबाट ) | १०० |
| ४ | खेलकूद, आत्मरक्षा अभ्यास,जुडो, करांते | ५० |
| ५ | प्रहरी युक्तिकारवाही तथा आत्मबल अभिबृद्धि अभ्यास | ५० |
| | जम्मा | ४०० |

### ६.३ मूल्याङ्कन

यस तालिमको स्वीकृत पाठ्यक्रम अनुसार कूल पूर्णांकको ४० प्रतिशत चरणगत परीक्षामा र ६० प्रतिशत अन्तिम परीक्षामा मूल्याङ्कन गरिनेछ । प्रत्येक बिषयमा ४० र कूल पूर्णाकको ४५ प्रतिशत अंक नल्याउने प्रशिक्षार्थी अनुत्तिर्ण मानिनेछन । प्रशिक्षकहरुवाट हुने दैनिक मुल्यांकन र प्रत्येक चरणको अन्तमा गरिने चरणगत परीक्षा तथा अन्तिम परीक्षामा गरिने मुल्यांकनका आधारमा प्रशिक्षार्थीहरुको स्तर निर्धारणगरिने छ । आन्तरिक प्रशिक्षण, बाह्य प्रशिक्षण र व्यवहारिक अध्ययन समेत गरी तीन विधामा संचालन गरिने यस तालिमको श्रेणी विभाजन निम्नानुसार छ ।

| श्रेणी | प्राप्ताङ्क प्रतिशत |
|---|---|
| "क"श्रेणी | ७० % र सो भन्दा माथी |
| "ख"श्रेणी | ५५ % देखि ६९.९ % सम्म |
| "ग"श्रेणी | ४५ % देखि ५४.९ % सम्म |

## ७. पोशाक

१ **पी.टी तथा खेलकूद** : सेतो कट्टु, कलर भएको सेतो टीसर्ट, क्यानभास जुत्ता र जाडोमा नीलो जर्सी ।

२ **कवाज :** नीलो सर्ट, नीलो कट्टु, डीएमएस बुट, ब्यारेट क्याप जाडोमा नीलो जर्सी ।

३ **विहानको मेश तथा आन्तरिक कक्षा :** डांग्री डीएमएस बुट, ब्यारेट क्याप, वेभ बेल्ट र जाडोमा नीलो जर्सी ।

४ **बेलुकीको खाना र रोलकल तथा आउट पोशाक :** भादगाउंले टोपी, सेतो सर्ट, खैरो पाईण्ट, प्रहरी टाई, कालो पेटी, छालाको जुत्ता र जाडो मौसममा कालो कोट ।

५ **निरीक्षण कवाज :** कवाज ड्रेस ।

नोट : आवश्यकता अनुसार पोशाक सम्वन्धी नीतिमा हेरफेर गर्न सकिने छ ।